

मास्केवंश
सन्तोषमान मास्के

SIRJANĀ
The Journal of Arts and Art Education
Vol. XI, 2025: 104-110
Sirjana College of Fine Arts

## पुस्तक समीक्षा

# सन्तोषमान मास्केद्वारा लिखित *मास्केवंश*

## काठमाडौं : वज्र पब्लिकेसन इन्क प्रा. लि., २०८०

## पृ. २५६+१८

**समीक्षक : प्रा. डा. त्रिरत्न मानन्धर**

नेवारहरू नेपालका आदिवासी हुन् । उनीहरूको पहिचान भनेको उनीहरूले बोल्ने मातृभाषा (नेपालभाषा) र उनीहरूले अँगाल्दै आएका विशिष्ट प्रकारको संस्कृति हुन् । नेवार एउटा समुदाय हो, र यसभित्र अनेकौं जातजाति समेटिएका छन् । पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गर्नुभन्दा अगाडिसम्म नेपालमा शासन गर्ने सबै राजवंश कुनै न कुनै रूपमा नेवार समुदायसँग गाँसिएका छन् । पहिलो दुई राजवंश (गोपाल र महिषपाल) नेवार समुदायअन्तर्गत 'सापू' र 'म्येपू' भनेर चिनिने जाति हुन् । किरातका सम्बन्धमा उनीहरू लिच्छविद्वारा पराजित भएपछि एक जमात पूर्वतर्फ लागेको थियो । त्यहाँ उनीहरू राई र लिम्बुका रूपमा स्थापित भएका थिए । नेपाल उपत्यकामा रहेका उनीहरूकै एउटा समूह भने नेवार नै रहे । लिच्छविहरूका सम्बन्धमा बाबुराम आचार्यले विभिन्न स्रोतका आधारमा उनीहरू आजका ज्यापू वर्गका पूर्वज हुन भनी लेखेका छन् । लिच्छविहरू पछि नेपालमण्डल (उपत्यका र आसपासका क्षेत्र) मा शासन गर्ने मल्ल राजाहरूले नेवार सभ्यता र संस्कृतिलाई उत्कर्षमा पुऱ्याएका थिए । भनिन्छ, नेपालको इतिहासमा मल्लकाल कला र संस्कृतिको दृष्टिकोणवाट 'स्वर्णयुग' थियो ।

धर्मका आधारमा नेवार समुदाय दुई भागमा विभाजित रहेको छ – शैव र बौद्ध । बौद्ध नेवारअन्तर्गत विभिन्न जातजाति त कानुनी रूपमा नै उल्लेख भएका छन् तर शैव नेवारका सम्बन्धमा भने जङ्गबहादुरले जारी गरेको देशको पहिलो मुलुकी ऐनमा पुरोहितका रूपमा रहेका 'राजोपाध्याय' (द्यो भाजु) बाहेक अन्यलाई 'असल श्रेष्ठ' र 'अद श्रेष्ठ' भनी दुई भागमा विभाजित गरिएको पाइन्छ । पछि गएर असल श्रेष्ठ 'छ थरी' र अद श्रेष्ठ 'पाँच थरी' को रूपमा स्थापित भएको देखिन्छ । यिनै छ थरी शैव नेवारभित्रको एउटा जाति हो 'मास्के' । त्यसलाई दस्तावेजहरूमा 'मायके' भनी उल्लेख गरिएको पाइन्छ ।

प्रस्तुत पुस्तक *मास्केवंश* मास्के परिवारकै एक जना सदस्यले आफ्नो वंशको इतिहास र संस्कृतिलाई जनसमक्ष पुऱ्याउने उद्देश्यले रचना गरेका छन् । लामो समयसम्म त्रिभुवन विश्वविद्यालयमा गणित विषयका प्राध्यापकको रूपमा कार्यरत रही उमेरको हदका कारणले अवकाश प्राप्त गरेपछि फुर्सदको समयलाई सदुपयोग गर्दै सन्तोषमान मास्केले प्रस्तुत कृति हामीसामु ल्याएका हुन् । विभिन्न प्रकाशित तथा केही अप्रकाशित सामग्रीका आधारमा लेखकले मास्केवंशको इतिहासलाई विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् भने मास्के संस्कृतिको बारेमा आफ्नै अनुभव र पारिवारिक गतिविधिका आधारमा लेखाजोखा गरेका छन् । यस्तो महत्त्वपूर्ण कृतिका लागि सर्वप्रथम विद्वान् लेखकलाइ बधाई र धन्यवाद दिन चाहन्छु ।

दक्षिण एसियाली सभ्यतालाई पृष्ठभूमिमा राखी तयार गरिएको प्रस्तुत पुस्तकलाई विषयगत आधारमा दुई भागमा विभाजन गर्न सकिन्छ । पहिलो खण्डमा मध्यकालीन नेपालदेखि सुरू भएको मास्केवंशको इतिहासका साथै दुई जना प्रमुख मास्के भारदारहरूको परिचय दिइएको छ भने दोसो खण्डमा उनीहरूको संस्कृतिअन्तर्गत कुलायनी परम्परा, धार्मिक आस्था र कीर्तिबारे समीक्षा गरिएको छ ।

मास्के संस्कृतिको विश्लेषण काठमाडौंको खिउँलका मास्केहरूको परम्पराका आधारमा गरिए तापनि यसले सम्पूर्ण मास्के वर्गलाई प्रतिनिधित्व गर्न सक्ने देखिन्छ । पुस्तकमा असन, गोरखा, फुटुङ्ग, ख्वपः (भक्तपुर), जलजले (तेह्रथुम) का मास्केहरूका बारेमा पनि छोटो परिचय दिएको छ । यस अतिरिक्त दोलखा र ठिमीका मास्केहरूबारे खोजी हुनुपर्ने कुरा लेखकले उल्लेख गरेका छन् ।

मास्के वंशावलीका आधारमा लेखकले त्रिभुवनसिंहलाई आफ्नो वंशको प्रवर पुर्खाको रूपमा मानेका छन् । त्रिभुवनसिंह मास्के सिम्रनगौढका शासक हरिसिंह देवका भारदार थिए, र उनीसँगै नेपाल उपत्यका प्रवेश गरेका थिए । त्यसपछि भने त्रिभुवनसिंहले ग्रामीण बस्ती फुटुङ्गमा  आफ्नो जीवन बिताएको कुरा वंशावलीमा उल्लेख गरिएको पाइन्छ । उनका पुस्ताले त्यही ठाउँमा स्थापना गरेको देवस्थललाई हालसम्म मास्के परिवारले कुलदेवताका रूपमा पुज्दै आएको तथ्यलाई लेखकले औंल्याएका छन् । उत्तरार्द्धको मध्यकालमा उच्च ओहोदामा पुगेका मास्के खलकका केही व्यक्तिहरूको नाम उल्लेख गर्नुका साथै आधुनिक कालका दुई जना मास्के भारदारहरूको परिचय दिइएको छ । ती हुन् – शमशेरमान सिंह मास्के (राणाकालीन) तथा चन्द्रमान सिंह मास्के (राणाकाल तथा प्रजातन्त्रकालमा सक्रिय) । शमशेरमानको परिचय दुइ पृष्ठमा दिइएको छ भने चन्द्रमानका लागि ६० पृष्ठ खर्चिएको छ । स्मरणीय छ, चन्द्रमान सिंह पुस्तकका लेखक सन्तोषमानका पिता हुन् र आफ्नो पिताको गुणगान गाएको आरोप उनीमाथि लाग्न सक्छ । तर उनकै असङ्ख्य कृतिका आधारमा चन्द्रमानको परिचय दिइएको हुनाले लेखक सन्तोषमानमाथि त्यो आरोप लगाउनु गलत हुने छ ।

मास्के वंशको कुरा गर्दा लामो समयसम्म ब्रिटिस दूतका रूपमा काठमाडौंमा रहेका ब्रायन हडसनले लेखेको एउटा कुरा उल्लेख गर्न चाहन्छु । पूर्व–राणाकालमा ज्यानसम्बन्धी र गम्भीर प्रकृतिका मुद्दाबाहेक अन्यमा अदालतले विधिवत् रूपमा पञ्चभलाद्मीको राय लिई मुद्दा छिन्ने प्रथा प्रचलनमा रहेको कुरा हडसनले उल्लेख गरेका

छन् । उनको भनाइअनुसार नेवारहरू सम्मिलित मुद्दामा त्यसरी राय लिइने चार जना व्यक्तिहरूमा एक जना मास्के परिवारबाट हुन्थ्यो । यसबाट त्यतिबेला मास्के परिवारको प्रतिष्ठा उच्च हुनुका साथै उनीहरूबाट राम्रो न्याय पाउने जनविश्वास थियो भन्ने देखिन्छ । सांस्कृतिक पक्षको कुरा गर्दा लेखकले मास्के परिवारले मान्दै आएको 'देगु' (देवाली पूजा) र 'आगँपूजा' बारे विस्तृत रूपमा उल्लेख गरेका छन् । मास्केहरू शैव नेवार भए तापनि देगु पूजाका सम्बन्धमा उनीहरूको परम्परा बौद्ध नेवारहरूसँग धेरै मिल्दोजुल्दो देखिन्छ । उदाहरणका रूपमा : कुलदेवताको मूर्तिलाई 'दिगुरण्य' (पूजा गर्ने खुला स्थल) तर्फ लैजाँदा कुश्लेले 'म्वाहाली' बजाई जाने र ज्यापूले पूजा सामग्री बोक्ने परम्पराको उल्लेख लेखकले गरेका छन् । यही परम्परा बौद्ध नेवारहरूमा पनि रहेको पाइन्छ । दीक्षा प्राप्त व्यक्तिहरूले मात्र 'आगँद्यो' को पूजा गर्ने कुरा पुस्तकमा उल्लेख भएको छ । तर बौद्ध नेवारहरूमा भने दीक्षा लिने र दिने परम्परा पुरोहित वर्गमा मात्रै सीमित रहेको देखिन्छ ।

चाडपर्वका सम्बन्धमा लेखकले तिहारमा गरिने लक्ष्मीपूजा, म्हपूजा र किजापूजाबारे विस्तृत रूपमा वर्णन गरेका छन् भने यँया (इन्द्रजात्रा) गुठीको बारेमा सङ्क्षिप्त उल्लेख मात्रै गरेका छन् । सो गुठी पनि लोप हुने अवस्थामा पुगेकोमा चिन्ता व्यक्त गर्दै त्यसले निरन्तरता पाउनुपर्ने कुरामा जोड दिएका छन् । म्हपूजालाई लेखकले 'आत्मपूजा' को संज्ञा दिएका छन् तर यो पूजा भौतिक शरीरको सुख शान्तिको लागि गरिने भएकाले यसलाई आत्मपूजा भन्न नमिल्ने तर्क धेरैले गरेका छन् । म्हपूजाकै सम्बन्धमा लेखकले एउटा महत्त्वपूर्ण कुरा छुटाएका छन् । त्यो हो, शङ्खधर साख्वाद्वारा दासहरूको उन्मुक्ति । आफूलाई प्राप्त अपार धनराशीबाट उनले दास जीवन बिताइरहेका सम्पूर्ण व्यक्तिहरूको ऋण तिरी उनीहरूलाई मुक्त गरेपछि अबउप्रान्त दास जीवन बिताउन नपरोस् भनी म्हपूजा गरिएको तथ्यलाई धेरैले स्वीकार गरेका छन् । तिहार र इन्द्रजात्राबाहेक अन्य चाडपर्वमा मास्केहरूको भूमिकाबारे केही चर्चा गरिएको छैन । यसलाई पुस्तकको दुर्बल पक्ष मान्न सकिन्छ ।

जन्मदेखि मृत्युसम्मको संस्कार नेवार सभ्यताको पहिचानको एउटा सबल आधारको रूपमा रहेको छ । परन्तु लेखकले यसबारे केही चर्चा गरेका छैनन् । केवल एक ठाँउमा 'इहिपा' (विवाह) अर्न्तगत मनाइने 'वँजला' बारे केही कुरा उल्लेख गरेका छन् । नेवारहरूको मौलिक संस्कारको रूपमा रहेको 'इहि' (बेलविवाह), 'बाह्रा तय्गु' (गुफा राख्ने), 'कय्टा पुजा' (व्रतबन्ध) 'जङ्को' (भीमरथारोहण) आदिका सम्बन्धमा छोटो परिचय दिइएको भए नेवारहरु बीचको संस्कारको तुलनात्मक अध्ययन गर्न सजिलो हुने थियो । सामाजिक र धार्मिक क्षेत्रमा मास्के परिवारले राखेका पाटी पौवा, मठमन्दिरबारे लेखकले छोटो परिचय दिनुका साथै तिनका चित्र पनि समावेश गरेका छन् । यस अतिरिक्त मास्के परिवारले गर्ने पूजाआजासँग सम्बन्धित पौभा, पुजा सामग्री आदिका अनेकौं चित्रहरु दिइएका छन् तर तिनको व्याख्या भने गरिएको छैन । पुस्तकमा केही मल्ल राजाहरूका चित्र पनि दिइएका छन्, जुन आवश्यक थिएन । तिनका बदला मास्के परिवारका केही प्रमुख व्यक्तिहरूको चित्र राखिएको भए राम्रो हुने थियो ।

उपसंहारमा लेखकले मास्के परिवारको धरोहरका रूपमा रहेका मन्दिर, आगँघर, पाटी



आदिको पुनर्निमाण एवम् जीर्णोद्वार गरी परिवारको पहिचान स्पष्ट गर्नुपर्ने कुरामा पनि जोड दिएका छन् । परन्तु लेखक स्वयम्ले आफ्नो नाम 'सन्तोषमान सिंह मास्के' राखी त्यसको सुरूआत गरेको भए राम्रो हुने थियो, जुन उनले गरेनन् । मास्के परिवारमा नामकरण गर्दा मातृभाषा (नेपालभाषा) को प्रयोग गर्नुपर्ने सल्लाह उनले दिएका छन् । तर सबैभन्दा नमिल्दो कुरा के छ भने नेवारहरूले आफ्नो परिवारभित्रै मातृभाषाको प्रयोग गर्न प्रायः छोडिसकेका छन् । यसबारे सबै सचेत हुनु जरूरी छ ।

पुस्तकमा धेरै ठाँउमा अङ्ग्रेजी भाषामा लामा लामा उद्धरणहरु दिइएका छन् । तिनीहरूको अनुवाद सम्भव नभए तापनि भावार्थ दिइएको भए पाठकलाई सजिलो हुने थियो । यस्तै प्रकारले संस्कृत र नेपालभाषामा गरिएको उद्धरणमा पनि एक दुईको मात्रै भावार्थ दिइएका छन् ।

विभिन्न पूजाआजामा प्रयोग गरीने सामग्रीको शीर्षकसहितका धेरै चित्रहरु पुस्तकमा परेका छन्, जस्तै : 'माजजँका', 'खेलुइता', 'पञ्चपता', 'अलँपता', 'किसली', 'क्वतः', 'किकिँपा' आदि । यीमध्ये धेरैजसोको परिभाषा दिइएको छैन । पुस्तकको अन्त्यमा एउटा शब्दावली (glosary) राखी यी शब्दहरूको परिभाषा दिइएको भए विशेषगरी गैरनेवार पाठकहरूलाई मास्के संस्कृति राम्रोसँग बुझ्न सजिलो हुने थियो ।

पुस्तकको सुरूमा दुई जना विद्धान्को भूमिका परेको छ । ती हुन्, डा. महेशराज पन्त र डा. जगमान गुरूङ । महेशराजको भूमिकाबाट उनले लेखकले गरेका पुस्तकको खेस्रा दुई पटक हेरी आवश्यक संशोधनका लागि सल्लाह दिएका थिए भन्ने बुझिन्छ । आवश्यक संशोधन भइसकेको हुँदा उनले पुस्तकको विषयवस्तुमाथि खासै टिप्पणी गरेका छैनन् । पुस्तक पढ्दै जाँदा 'मध्यकालीन नेपालमा मास्केवंश' शीर्षकको तेस्रो खण्डमा धेरै पुस्तक वंशावली, ठ्यासफू आदिको उद्धरण गरिएबाट सो खण्ड लेख्न उनले लेखकलाई ठुलो सहयोग गरेको देखिन्छ । जहाँसम्म जगमानको शुभकामना भूमिकाको सम्बन्ध छ उनले मास्के समूलाई सैन्यशक्तिको संज्ञा दिई त्यही समुदायबाट मध्यकालीन नेपालको सैन्यशक्ति परिचालन भएको कुरा उल्लेख गरेका छन् । सैन्य अधिकारीका रूपमा मास्केहरूको उल्लेख भए तापनि उनीहरूले अन्य उच्च ओहोदामा पनि बसी कार्य गरेको तथ्य पुस्तकमा गरिएको वर्णनबाट नै स्पष्ट भएको छ ।

सङ्क्षेपमा भन्नुपर्दा पुस्तकले मास्के वंशको इतिहासलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्नुको साथै उनीहरूको संस्कृतिका विविध पक्षमाथि राम्रो प्रकाश पारेको छ । पुस्तकमा परेका असङ्ख्य (२७५ ओटा) आकर्षक चित्रहरूले पुस्तकको शोभा अझै बढाएको छ । यसको निम्ति लेखकलाई पुनः एक पटक बधाई र धन्यवाद !

चन्द्रमान सिंह मास्के, *नेवार महिला,* करिब इ. सं. १९४०, क्यानभासमा तेलरङ । चित्र सौजन्य : प्रा. डा. सन्तोषमान मास्के, काठमाडौं ।